२२९६/४९६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १६२/०७३/०७४

निर्णय नं. ४१७

जिल्ला मोरङ्ग, केरावारी गा. बि. स.-५ का पदम बहादुर तामाङ्ग समेत ..................२ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, प्रहरी प्रधान कार्यालय, काठमाडौं ..............................................१ } विपक्षी
सूचना अधिकारी, प्रहरी प्रधान कार्यालय, काठमाडौं ..............................................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला मोरङ्ग, केरावारी गा. बि. स.-५ का पदम बहादुर तामाङ्ग समेतले प्रहरी प्रधान कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।०६ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगको मिति च. नं. ४४१ मिति २०७३।०६।०७ को पत्रबाट प्रहरी प्रधान कार्यालय, काठमाडौंलाई माग बमोजिमको सूचना के-कति कारणले उपलब्ध गराइएन भनी पत्राचार गरिएको । तत् पश्चात प्रहरी प्रधान कार्यालय, काठमाडौंको च. नं. ३३९ मिति २०७३।०६।१४ को पत्र मार्फत पुनरावेदकलाई सूचना उपलब्ध गराईसकेको र पुनरावेदकले सूचना पाइसकेको भनी हस्ताक्षर गरिसकेकाले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल पुष १८ गते रोज २ शुभम् ।